निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# प्रेस विज्ञप्ति

प.सं. च.नं./Ref:

मिति : २०७६/८/१९

काठमाडौं, मङ्सिर १९ ।

संवत् २०७६ साल मङ्सिर १४ गते शनिबारका दिन प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहका सदस्यको लागि विभिन्न ५२ पदको उपनिर्वाचन सम्पन्न भएको छ । जसमा कास्की जिल्ला निर्वाचन क्षेत्र नं. २ को प्रतिनिधि सभा सदस्य-१ पदको लागि मतदाता संख्या ७१,८७१ रहेकोमा ४५,५४६ जना मतदाताले मतदान गरेका छन् । जसमध्ये सदर मत संख्या ४४,९४६ र बदर मत संख्या ६०० रहेकोमा बदर मत प्रतिशत १.३२ रहेको छ ।

भक्तपुर जिल्ला निर्वाचन क्षेत्र नं. १ को १, बागलुङ जिल्ला निर्वाचन क्षेत्र नं. २ को २ र दाङ जिल्ला निर्वाचन क्षेत्र नं. ३ को २ गरी जम्मा प्रदेश सभा सदस्य-३ पदको लागि मतदाता संख्या १,४८,९१८ रहेकोमा ९८,७३४ जना मतदाताले मतदान गरेका छन् । जसमध्ये सदर मत संख्या ९७,०६७ र बदर मत संख्या १,६६७ रहेकोमा बदर मत प्रतिशत १.७१ रहेको छ ।

त्यसैगरी स्थानीय तहका सदस्यतर्फ सुनसरी जिल्लाको धरान उपमहानगरपालिका प्रमुख-१, पाँचथर जिल्लाको फाल्गुनन्द गाउँपालिकाको अध्यक्ष-१, संखुवासभा जिल्लाको मकालु गाउँपालिकाको अध्यक्ष-१ र महोत्तरी जिल्लाको पिपरा गाउँपालिकाको अध्यक्ष-१, हुम्ला जिल्लाको खार्पुनाथ गाउँपालिकाको उपाध्यक्ष-१ र विभिन्न नगरपालिका/गाउँपालिकाका वडाअध्यक्ष-४३ गरी जम्मा ४८ पदको लागि जम्मा मतदाता संख्या २,३३,३२५ रहेकोमा १,५४,८३५ जना मतदाताले मतदान गरेका छन् । जसमध्ये सदर मत संख्या १,५२,००४ र बदर मत संख्या २,७७० रहेकोमा बदर मत प्रतिशत २.०० रहेको छ ।

सुनसरी जिल्लाको धरान उपमहानगरपालिका प्रमुख पदको लागि मतदाता संख्या ९२,८५३ रहेकोमा ५४,८४६ जना मतदाताले मतदान गरेका छन् । जसमध्ये सदर मत संख्या ५३,७०५ र बदर मत संख्या १,१४१ रहेकोमा बदर मत प्रतिशत २.०८ रहेको छ । त्यसैगरी हुम्ला जिल्लाको खार्पुनाथ गाउँपालिकाको उपाध्यक्ष पदको लागि मतदाता संख्या ३,३८७ रहेकोमा २,८६९ मतदाताले मतदान गरेका छन् । जसमध्ये सदर मत संख्या २,८४९ र बदर मत संख्या २० रहेकोमा बदर मत प्रतिशत ०.७० रहेको छ ।

उपनिर्वाचन, २०७६ मा विगत निर्वाचनको तुलनामा बदर मत संख्या वा प्रतिशत न्यून रहेको छ । मतदाता शिक्षा कार्यक्रममा प्रयोग गरिएको नमूना मतपत्र, जानकारीमूलक पोष्टर, ब्रोसर आदिका साथै मतदाता शिक्षा कार्यकर्ता मार्फत सञ्चालन गरिएको घरदैलो कार्यक्रमको प्रभावकारीताका साथै विभिन्न सञ्चार माध्यमबाट प्रेषित सूचना, सन्देशका कारण बदर मत संख्या न्यून भएको हो भन्ने आयोगको ठम्याई छ । आगामी निर्वाचनहरूमा समेत बदर मतलाई अझै न्यूनिकरण गर्दै लैजाने आयोगको उद्देश्य रहेको छ, यद्यपी यो चुनौतिपूर्ण रहेको छ ।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

आयोगले प्रतिनिधि सभा, प्रदेश सभा र स्थानयि तहका सदस्यको उपनिर्वाचनको लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यको उपनिर्वाचन हुने जिल्ला र स्थानीय तह सदस्यको उपनिर्वाचन हुने स्थानीय तहमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, राजनीतिक दल, उम्मेदवार, आम सञ्चारका माध्यम, निजी तथा गैर सरकारी संस्था तथा पर्यवेक्षक लगायतका लागि मिति २०७६/७/८ बाट लागू गरेको निर्वाचन आचार संहिता, २०७२ र स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ उपनिर्वाचन सम्पन्न भई सोको अन्तिम निर्वाचन परिणाम समेत घोषणा भइसकेको हुँदा आयोगको मिति २०७६/८/१७ गतेको निर्णयानुसार आचार संहिता कार्यान्वयनको समय समाप्त भएको छ ।

निर्वाचन आचार संहिता, २०७२ को दफा ५ विषयगत आचारणको (घ) मौन अवधिमा पालना गर्नुपर्ने आचारणको (२) बमोजम विभिन्न राजनीतिक दल तथा उम्मेदवारहरूले आ-आफ्ना निर्वाचन चिन्ह तथा प्रचार प्रसारको सामग्रीहरू हटाएको हुनुपर्ने व्यवस्था अन्तर्गत ब्यानर, तुल, राजनीतिक दलका झण्डा, पर्चा आदि हटाई वातावरण स्वच्छ र सफा राख्ने कार्य भएकै छ भन्नेमा आयोग विश्वस्त रहेको छ । सम्बन्धित जिल्ला निर्वाचन अधिकारीहरूले यस कार्यको अनुगमन गरी आयोगमा प्रतिवेदन पठाउन निर्देशन गरिएको छ । प्रतिवेदन प्राप्त भएपछि यस व्यवस्था बमोजिम प्रचार प्रसार सामग्री नहटाउने राजनीतिक दल तथा उम्मेदवारको अभिलेख आयोगमा राखिनेछ ।

प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहका सदस्यको निर्वाचनलाई सफल बनाउन भूमिका निर्वाह गर्नु हुने सम्पूर्णमा आयोग हार्दिक धन्यवाद व्यक्त गर्दछ । साथै, लोकतन्त्रको थप सवलीकरण तथा सुदृढीकरणका निम्ति मतदानमा सहभागी हुनु हुने सम्पूर्ण मतदाताहरूको मतदान कार्यमा उत्साहजनक सहभागिताका लागि आयोग आभार प्रकट गर्दछ ।

०७६।८।१९

(राजकुमार श्रेष्ठ)
सहसचिव एवं प्रवक्ता

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np